शिवनाथ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. :-२०७९/८०
च.नं :-

# आन्तरिक आय तर्फको ठेक्का आह्वान सम्बन्धी सूचना

## प्रथम पटक प्रकाशित मितिः-२०७९/११/२१

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ परिच्छेद ३ को दफा(११)(घ)छ बमोजिम भएको व्यबस्था,शिवनाथ गाउँपालिका गाउँकार्यपालिकाले गरेको स्विकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन बमोजिम यस गाउँपालिकाको वार्ड नं.१ स्थित माहाकाली नदी आसपास क्षेत्रमा आ.व.२०७९/०८०/०८१ मा आन्तरीक आयका लागि महाकालि नदि क्षेत्रबाट नदिजन्य पदार्थ बालुवा संकलनका लागि बोलपत्र आह्वान गर्नु पर्ने हुँदा उल्लेखित ठेक्काको प्रथम पटकका लागि १५ दिने सुचना प्रकाशित गर्नु पर्ने भएकाले ईच्छुक व्यक्ति,फर्म वा संस्थालाई न्युनतम अंकमा रकम नघट्ने गरी यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेश गर्नका लागि यो सुचना प्रकाशित गरिन्छ ।

## आन्तरिक आय ठेक्का विवरण

| सि.नं. | ठेक्का नं. | ठेक्का विवरण | कुल न्युनतम अंक रु. | बोल पत्र धरौटी रकम(५प्रतिशत) | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | 03/SRM/INTERNAL/2079/080 | माहाकालि नदि स्थित नागार्जुन घाट क्षेत्र बाट बालुवा संकलन गर्ने कार्य | ४,५९,०००।- | २३,०००।- | १०००।- | |

**ठेक्का सम्बन्धी शर्तहरुः-**

१.माथि उल्लेखित ठेक्काको फाराम भर्दा कुल कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ। कबोल रकम स्पष्ट उल्लेख नगरेमा स्वतः रद्द हुनेछ र सबैभन्दा बढी कबोल अंक उल्लेख गर्ने बोलपत्रदाता हरुको बोलपत्र स्विकृत गरिनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत

प.सं. :-२०७९/८०
च.नं :-

२.ठेक्का अवधि सम्झौता भएको मिति बाट २०८१ साल आषाढ मसान्त सम्म हुनेछ। सम्झौता पश्चात बोलपत्रदाताले कुनै पनि कारणले ठेक्का सम्झौता अन्त्य गर्न पाउने छैन।

३.माथि उल्लेखित ठेक्काको कबोल गरेको अंकको ५ प्रतिशतले हुनआउने धरौटी(पछि फिर्ता हुने गरी) रकम यस कार्यालयको राजश्व शाखा वा नेपाल एस बि आई बैंक सुल्लेखानमा रहेको च.हि.नं.४१८२५२४०६००००३ **धरौटी**जम्मा गर्ने एवंम् बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर यस कार्यालयको राजश्व शाखा वा च.हि.नं.४१८९५२४१२०७००४ राजश्व खातामा जम्मा गरेको भौचर सम्बन्धित व्यक्तिको नागरिता सहित पेश गर्नु पर्नेछ।

४.बोलपत्र खरिद गर्ने अन्तिम म्याद प्रकाशित भएको मितिले १५औं दिन सम्म हुनेछ। १६औं दिनको १२:०० बजेसम्म पेश गर्न सकिनेछ र सोहि दिनको १४:०० बजे बोलपत्र खोलिनेछ।

५.अस्थायि ठेक्का चलनपुर्जी दिईने छैन। सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन। समयमा सम्झौता नगरी ठेक्का चलनपुर्जी नलिएको कारणबाट कुनै किसिमको छुट र मिनाहा हुनेछैन।

६.नदिबाट उत्खनन गरेको परिमाणको लगत प्रत्येक महिनाको पहिलो साताभित्र अनिवार्य रुपले प्रमाणित गरी यस कार्यालयमा बुझाउनु पर्नेछ।

७.पट्टा व्यावसायिले यस बोलपत्रमा भएका सम्पुर्ण शर्तहरुको पुर्णरुपमा पालना गर्नुपर्नेछ र सोको अनुगमन यस कार्यालय तथा अन्तर्गतका नियामक निकायहरुबाट गरिनेछ। अनुगमनका क्रममा कुनै कैफियत भेटिएमा कार्यालयले जुनसुकै बखत ठेक्का सम्झौता अन्त्य गरी आवश्यक कारवाही गरिनेछ।

८.स्विकृत प्रारम्भिक वातावरणिय परिक्षण (IEE)प्रतिवेदनले औंल्याएका वातावरणिय प्रभाव न्युनिकरणका उपायहरुको पुर्ण पालना गरी नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रिवितरण गर्नुपर्नेछ।

९.ठेक्का पट्टा प्राप्त गरे पश्चात पट्टा सम्बन्धि सम्पुर्ण जानकारी देखिने गरी सञ्चालन हुने स्थानमा विवरणहरु राख्नु पर्नेछ।

१०. उत्खनन गर्दा नदिजन्य पदार्थ कार्यबाहेक अन्य कार्यहरु प्रचलित कानुनले प्रतिबन्ध गरेका कुनैपनि नदिजन्य क्रियाकलापहरु गर्नपाउने छैन ।

नि.प्रमुख प्रशासकीय अधिकृत

प.सं. :-२०७९/८०
च.नं :-

११.शर्त बमोजिम पेश नभएका,रित नपपुगेका र म्याद नाघि आएका बोलपत्रमाथि कुनै कारवाहि हुनेछैन र कुनै किसिमले बोलपत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालय सँग निहित रहनेछ। थप जानकारी र बोलपत्र खरिदका लागि यस कार्यालय वा मोबाईल नं.९८४८८०७२६४मा सम्पर्क गर्न सकिनेछ।

१२.ठेक्का स्विकृति पश्चात पेश गर्नु पर्ने कबोल रकम सम्झौता अगाडीनै नगद सहित तथा यस कार्यालयको हि.नं. ४१८९५२४१२०७००४ राजश्व खाता जम्मा गरेको भौचर सहित पेश गर्नु पर्नेछ। यदि कबोल रकम किस्तावन्दीमा बुझाउनेको हकमा कबोल अंकको कम्तिमा ५०% रकम सम्झौता पुर्वनै दाखिला गरी बाँकी रकम बराबरको बैंक जमानत पेश गरेपश्चात मात्र सम्झौता अगाडी बढाईनेछ।

१३.नदि जन्य पदार्थ संकलन गर्दा आवश्यक पर्ने संशाधनहरुको व्वस्था सम्बन्धित सञ्चालकले नै गर्नुपर्नेछ र पहुँच मार्ग निर्माण तथा मर्मत यस कार्यालय बाट गरिनेछ।

१४.यस ठेक्का सूचनामा उल्लेखित शर्तहरु सो बमोजिम र अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछन।

१५. व्यावसायिले बालुवा संकलन गर्दा हाल लाई रोयल्टी वाफत प्रति ट्याक्टर रु.५००।–का दरले मात्र रोयल्टी उठाउन पाउनेछ। अन्य सवारी साधनका हकमा कार्यालयको निर्णय बमोजिम निर्धारण गर्न सकिनेछ।

..............................

नि.प्रमुख प्रशासकिय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत